लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा

वेवसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np

## परीक्षा केन्द्र कायम गरिएको सूचना ।

## सूचना नं. ४३ /०७९-८०, मिति २०७९/०९/११

लोक सेवा आयोग, हेटौंडा कार्यालय, हेटौंडाको विज्ञापन नं. १२५०१/०७८-७९ (आ.प्र.), रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सो सरह पदको परीक्षा केन्द्र हेटौंडा राखी online बाट दरखास्त फाराम स्वीकृत गराएका उम्मेदवाहरुको प्रथम चरणको (प्रथम र द्वितीय पत्र) को प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गराउने गरी देहाय बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उल्लेखित परीक्षा आ.व. ०७८/०७९ को विज्ञापनको भएकोले परीक्षा भवन एकीन गरी प्रवेश पत्र समेत सोही आ.व.को लिई परीक्षा दिन जानु होला । साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग, नियमावली २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।** परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

### परीक्षा कार्यक्रम

| क्र.सं. | पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|---|
| १ | प्रथम | सामान्य ज्ञान | वस्तुगत | २०७९/०९/२९ गते, दिनको २:०० बजे | ४५ मिनेट |
| २ | द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान | विषयगत | २०७९/०९/३० गते, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |

### परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु । | १२५ | श्री मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा |

**द्रष्टव्य:-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।

ख) प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन ।

ग) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतिय सामाग्री निषेध गरिएको छ ।

ङ) परीक्षामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ ।

**च) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।**

छ) परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

***द्रष्टव्य:- २ संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन)सम्बन्धी मापदण्ड , २०७७ (संसोधन सहित) अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।***

क) परीक्षा केन्द्र प्रवेश गर्नु अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ । साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि स्यानिटाईजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

ख) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा, परीक्षा केन्द्रबाट बाहिरिदा एकआपसमा दुई मिटरको दुरी कायम गर्नुपर्नेछ ।

वेबसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np

ग) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्ण पालना गर्नु पर्नेछ ।

घ) कोभिड-१९ संक्रमित उम्मेदवारहरुको लागि **बिशेष परीक्षा केन्द्रको** ब्यबस्था गरीने हुँदा सँक्रमित परीक्षार्थीहरु आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०५७-५२०३०२ र मोबाईल नंबर ९८५५०१९३०२ मा सम्पर्क गरी वा इमेल hetauda@psc.gov.np तथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनुहुन सुचित गरिन्छ ।

| | |
|---|---|
| ..................... | ..................... |
| प्रकाश अधिकारी | बद्रिनाथ सापकोटा |
| नायब सुब्बा | शाखा अधिकृत |